# के हो यो पैसा ?

हिंडे पनि पैसा, कुदे पनि पैसा,
गुडे पनि पैसा, उडे पनि पैसा,
हैन के हो यो पैसा । ....,

कसले जन्मायो यो पैसालाई,
यता गयो पैसा, उता गयो पैसा,
हेरे पनि पैसा, हेराए पनि पैसा
हैन के हो यो पैसा । ....,

कसको कोखबाट जन्मियो यो पैसा
बोले पनि पैसा, बोलाए पनि पैसा,
टेके पनि पैसा, उफ्रे पनि पैसा,
हैन के हो यो पैसा । ....,

कहाँबाट आयो यो पैसा
चढे पनि पैसा, ओर्लिए पनि पैसा,
खाए पनि पैसा, पिए पनि पैसा,
हैन के हो यो पैसा । ....,

कहाँबाट जन्मियो यो पैसा
मार्ने पनि पैसा, बचाउने पनि पैसा,
बिगार्ने पनि पैसा, सपार्ने पनि पैसा,
हैन के हो यो पैसा । ....,



कुन जन्ममा जन्मियो यो पैसा
रूवाउने पनि पैसा, हँसाउने पनि पैसा,
दुखमा पनि पैसा, सुखमा पनि पैसा,
हैन के हो यो पैसा । ....,

कस्तो महत्व यो पैसाको
किने पनि पैसा, बेचे पनि पैसा,
बसे पनि पैसा, उठे पनि पैसा,
हैन के हो यो पैसा । ....,

कस्ले पो चिन्न सक्छ र यो पैसालाई
कामलाई पनि पैसा, नामलाई पनि पैसा,
मान्छे पाल्ने पनि पैसा, मान्छे बाल्ने पनि पैसा
हैन के हो यो पैसा । ....,

कतिञ्जेल पाल्नु यो पैसालाई
टेन्शन गर्ने पैसा, टेन्शन हटाउने पैसा,
साथी बनाउने पैसा, शत्रु बनाउने पैसा
हैन के हो यो पैसा । ....,
कतिञ्जेल रूवाउछ यो पैसाले ।

◆◆◆

# जिन्दगी

नींद-नींदमा नै निक्ली गयो हाम्रो जिन्दगी ।
हाम्रो जिन्दगी, हो हाम्रो जिन्दगी
सुतेर नै बिती गयो सारा जिन्दगी ।
हाम्रो जिन्दगी नी दाजु हाम्रो जिन्दगी ।।

१. जन्म लिंदा नै पहिला तिमी रूदैरूदै आयौ ।
आँखा पनि खुल्न नपाउँदै भोक लागी चिल्लायौं
खाँदाखाँदै नै बिती गयो, हाम्रो जिन्दगी ...................

२. भाईसित झगडा, बहिनीसित नि झगडा
कुराकुरामा झगडा, आवाज रिसमा तगडा ।
रगडाझगडामा बिती गयो, हाम्रो जिन्दगी .................

३. राम्रो नराम्रो, भलो कुभलो, सिक्ने सोच न आयो ।
जवानी त गयो मस्तीमा, बुढेउली तनमा छायो ।
बुद्धि विवेक सिर्ख बिना नै गयो, हाम्रो जिन्दगी .................

४. जसलाई तिमीले आफ्नो मानेथ्यौं, भयो तेही पराई
मर्ने बेलामा साथ न कोही, मसानघाटसम्म सहाई

५. जसलाई आफ्नो ठानी तिम्ले, गरेउ जीवनभर भरोसा
कोही बाडेर लिने होइन, दियो उसैले धोखा
गरेका कामको रतिरतिको हुन्छ लेखाजोखा,
रोईराई नै बिती गयो हाम्रो जिन्दगी.............

६. छुट्यो पछाडि बाल-जवानी, बुढेसकालले समायो ।
रोगहरूले डेरा हाले, चैनवैन सब हरायो ।।
रोगैरोगमा बिती गयो, हाम्रो जिन्दगी .................

७. जोरौं पहिला धनधान्य भनेर, भक्ति फेरि गरौला,
आज गरौला भोलि गरौला, बाच्नु धेरै छ, गरौला,
कुरैकुरामा बिती गयो, हाम्रो जिन्दगी .................



# जैन धर्म - जन धर्म

- पुनीत मुनि जी (महादेव)
- नमन उपाध्याय

**जन-धर्म**

जैन धर्म के हो ? उत्तरमा भन्नुपर्दा - जैन धर्म जन धर्म हो । जैन धर्ममा प्रत्येक जीवको स्वतन्त्र अस्तित्वको प्रतिपादन गरिएको छ तथा सबैप्रति समता र समानताको व्यवहार गर्नुपर्ने कुरा राखिएको छ । जाति, वर्ण, राष्ट्र र भाषा, सम्प्रदायको भेद मानव कल्पित हो । यसको आधारमा कसैलाई हीन र महान् सम्झनु जैन धर्मअनुसार अज्ञानताको परिचायक हो । स्वतन्त्रताको उद्घोष आजको युग चेतनाको प्रमुख स्वर हो ।

**गुणहरूको पूजा**

जैन धर्म गुणहरूको पूजामा बल दिन्छ । "णमो अरहन्ताणं, णमो सिद्धाणं, णमो आरियाणं, णमो उवज्झायाणं, णमो लोए सव्वसाहुणं" - यो जैन धर्मको महामन्त्र हो । यसमा कुनै पनि व्यक्तिलाई नभएर आध्यात्मिक व्यक्तित्वलाई नमन गरिएको छ । अरिहन्त, सिद्ध आदि व्यक्ति होइनन् अपितु आध्यात्मिक व्यक्तित्वको प्रतीक हुन् ।

**जिन र जैन**

राग र द्वेष आदि ग्रन्थहरूका विजेता **जिन** हुन्छन् । तिनीहरूबाट प्रतिपादित धर्म जैन धर्म हो । जिन र जैन दुवै आत्म विजयका परिचायक शब्द हुन् । जैन धर्म आत्म-जयको सन्देशवाहक हो । अन्तर-ग्रन्थीहरू र विकारहरूमाथिको विजय यात्रामा जो अग्रसर हुन्छ ऊ जैन हो ।

**तीर्थंकरवाद**

जैन धर्म अवतारवादी नभएर, तीर्थंकरवादी हो । तीर्थंकरवादको नियमअनुसार सबै प्राणी उत्थान-पतन एवं सुख-दुःखका लागि स्वयं

उत्तरदायी हुन्छन् । जो आफ्नो पुरूषार्थको सही उपयोग गरेर वीतरागको स्थितिको साक्षात्कार गर्दछन्, ती दोस्राको जीवन-डुङ्गालाई पार लगाउनका निमित्त धर्मरूपी घाटको निर्माण गर्दछन्- तीर्थंको प्रवर्तन गर्दछन्, ती नै तीर्थंकर हुन्छन् । सबै तीर्थंकर मानवबाट महामानव बन्दछन् ।

## भक्त र भगवान

जैन धर्ममा भक्त र भगवानको सम्बन्धमा विचार यस्तो छ । प्रत्येक मनुष्य-जीवमा परमात्माको प्रकाश लुकेको हुन्छ । साधना र तपस्याबाट त्यसको साक्षात्कार गर्न सक्ने सम्भावना सबैमा छ । चेतनाको विकासको उच्चतम भूमिका परमात्माको भूमिका हो । जसै-जसै कर्महरू र संस्कारहरूको बादलरूपी आवरण हट्दै जान्छ त्यसै तयसै परम-आत्मारूपी सूर्य प्रकट भएर आउँछ ।

## सृष्टि-व्यवस्था

सृष्टि अनादि-अनन्त हो । जैन ग्रन्थहरूमा भनिएको छ- विश्वमा कुनै पनि वस्तुको न सर्वथा विनाश हुन्छ, न कुनै नयाँ वस्तु उत्पन्न हुन्छ । जड-चेतन पदार्थहरूको पर्याय-परिवर्तन र रूपान्तरणबाट विश्व व्यवस्थाको यो क्रम चलिरहेकोछ । जैन धर्मको यो विचार आधुनिक विज्ञानसित बहुतै नजिक छ ।

## द्वैतवाद

धर्म र दर्शनको क्षेत्रमा द्वैतवाद र अद्वैतवादको चिन्तन एउटा प्रमुख विषय रहेको छ । जुन एक तत्वलाई परम तत्वको रूपमा स्वीकार गर्दछन्, ती अद्वैतवादी हुन् । जुन दुई तत्वहरूलाई मौलिक तत्वको रूपमा स्वीकार गर्दछन् ती द्वैतवादी हुन् । जैन धर्मले जड् र चेतन् दुवैको स्वतन्त्र अस्तित्व स्वीकार गरेको छ । जड् कहिल्यै चेतन् हुँदैन, चेतन् कहिल्यै जड् हुँदैन । यसैले जैन धर्म द्वैतवादी हो । जीव, अजीव, पुण्य, पाप, आश्रव, संवर, निर्जरा, बंध र मोक्ष यी नौ तत्वका आधारभूत तत्व जड् र चेतन हुन् ।



## वैज्ञानिक धर्म

जैन धर्मले कारण-कार्यको श्रृङखलाको आधारमा तर्कसंगत र अनुभवगम्य तत्व दर्शन प्रस्तुत गरेको छ । जैन तीर्थंकरहरू र आचार्यहरूले अन्धविश्वासलाई कहिल्यै महत्व दिएनन् । तीर्थंकर महावीरले आफ्ना शिष्य इन्द्रभूति गौतमसित भनेका छन्- मैले जुन सत्यको दर्शन गरें, त्यसको साक्षात्कार तिमी स्वयं गर । अनुभवविनाको आस्था र विश्वासको कुनै महत्व छैन । जैन धर्मको सृष्टिवाद, अनेकान्तवाद एवं परमाणुवाद आदि अनेक सिद्धान्तहरूको आधुनिक विज्ञानसँग आश्चर्यजनक सामञ्जस्य

छ । एक विद्वान्ले लेखेका छन्- जैन धर्मको अनेकान्तवादको सिद्धान्त महान् वैज्ञानिक अल्वर्ट आइन्स्टाइनको "थ्यौरी अफ रिलेटिभिटि" को रूपमा आधुनिक विज्ञानको क्षेत्रमा नयाँ अवतरण भएको छ ।

## पुरूषार्थवाद

धर्मको साथसाथै ईश्वरवाद, भाग्यवाद र देववादको विचार बहुत गहिरो रूपले जोडिएको छ । जैन धर्म अनुसार हरेक व्यक्ति आफ्नो भाग्य-विधाता आफै हुन् । आफ्नो आचरण र व्यवहारको स्तरमा ऊ जस्तो बीउ रोप्छ उस्तै फल पाउँछ । परमात्माको स्मरण अवश्य गर्नुपर्दछ । तर यसको पछाडि याचनाको भाव होइन, प्रेरणाको भाव हुनुपर्दछ । भक्तिभावको अतिरेकबाट अकर्मण्यताको भाव बढ्नु राम्रो कुरा होइन । यसैले भक्तिवादको महत्व स्वीकार गरेर पनि जैन धर्मले पुरूषार्थवादमा जोड दिएको छ ।

## समताको प्रतिष्ठा

जैन आचार शास्त्रको सबभन्दा महत्वपूर्ण सिद्धान्त समतावाद हो । जैन तीर्थंकरहरूले मानसिक र सामाजिक दुवै धरातलमा समताको प्रतिष्ठामा बल दिएका छन् । उनीहरूले आफ्ना दार्शनिक चिन्तनमा सबै प्राणीहरूको आत्माको अस्तित्वका दृष्टिले समान बताए । सामाजिक र संघीय जीवनमा समताको आचरण आवश्यक बताए ।

यस धर्म(संघमा सबै जाति र वर्ण, धनी र गरीब दीक्षित एवं अनुयायी हुने भए । भगवान महावीरले जाति, वर्ण, लिङ्ग र रंगको आधारमा व्याप्त विषमताको विरूद्ध महान् क्रान्ति गरे । उनले आफ्नो धर्म संघमा पुरूषहरू समान नारी जातिलाई पनि महत्वपूर्ण स्थान दिए ।

**अहिंसा**

समता र अहिसाको अविनाभावी सम्बन्ध छ । समताविना अहिंसाको विकास हुन सक्दैन । अहिसांविना समताको प्रतिष्ठा पनि हुन गाह्रो छ । महाव्रतको परम्परामा अहिसाको पहिलो स्थान छ । अहिंसाको आधारमा नै सत्य, अचौर्य, ब्रहमचर्य र अपरिग्रहको विकास हुन सक्दछ । जैन शास्त्रहरूमा अहिंसालाई परम विज्ञान मानिएको छ । जसको जीवनमा अहिंसा र समताको प्रतिष्ठा छैन ऊ विद्वान भए पनि अज्ञानी नै हो । जैन आचार्यहरूले बाल (अज्ञानी) र पण्डितको विवेचनामा अहिंसा र संयमको कसीलाई प्रमुखता दिएका छन् ।

**अनेकान्तवाद**

मैले जे भनें त्यही सत्य हो, यो एकान्तवाद हो । यसले पारस्परिक व्यवाहारमा अशान्ति र तनावको भाव उत्पन्न हुन्छ । मैले जे भनेकोछु त्यो पनि सत्य हो यो अनेकान्तवाद हो । यसको प्रयोगबाट विरोधी विचारहरूमा पनि समन्वय हुन सक्दछ तथा सद्‌भाव र सहअस्तित्वको भावनाको आधार सबल बन्न सक्दछ । जैन तीर्थंकरहरूले दार्शनिक जगत्‌मा अनेकान्तवादको सन्देश दिएर वैचारिक संघर्षको उपशमन गरे तथा मतभेदबाट सृजित मानसिक विभेदको पर्खाललाई भत्काइदिए । यसै भाति आचार र व्यवहारमा अनेकान्तको दृष्टि दिएर समाजमा समता र समन्वयको बीजारोपण गरे ।

**अपरिग्रहवाद ।**

आफ्नो आवश्यकताभन्दा बढी धन, जग्गाजमिन तथा सम्पत्तिको संग्रह प्रवृत्तिलाई परिग्रह भनिन्छ । अनीति, अधर्म र अमर्यादित



तरिकाबाट अर्थ आर्जन नगर्नु, आवश्यकताभन्दा बढी धनसम्पतिको संग्रह गर्नु पाप र अन्यायपूर्ण हो ।

आफ्नो इच्छा र आवश्यकतालाई सीमित गर्नु र अनावश्यक विलासिता प्रवृत्तिको विसर्जन गर्ने गर्नु अपरिग्रहलाई पुष्ट गर्ने प्रवृति हुन । इच्छा, आकांक्षा अनन्त हुन्छन् । संसारका सबै धनसंमृद्धि एकै व्यक्तिलाई दिने हो भने पनि त्यसलाई त्यसबाट संतोष हुदैन । धन सम्पत्ति प्राप्त हुदैमा जीवन सुखी हुन्छ भन्ने पनि होइन । आफ्नो विवेकले आफ्नो स्वेच्छा पर निग्रह गरी सीमित वस्तुबाट है आफ्नो जीवन व्यतित गर्ने अभ्यास गर्नुपर्दछ । अनावश्यक धन, जग्गाजमिन, जायज्येथालाई देशमा रहेका गरिबगुरूवाहरूको भलाईको लागि लगाउन सक्नु नै वास्तवमा अपरिग्रहवाद सिद्धान्त हो । यो समतावाद र साम्यवादको सिद्धान्त २६०५ वर्ष पहिले नै भगवान महावीर स्वामीले भनिसक्नुभएको छ । यस सिद्धान्तको महत्वलाई मानिसहरूले बुझेका जानेका भए आज यो संसारमा धनी-गरिबमा रहेको गहिरो भेदभावको खाडल बन्न सक्ने थिएन ।

**युगको माग**

जैन धर्म युगको माग हो । स्वतन्त्रता, लोकतन्त्र, समाजवाद र धर्म निरपेक्षता आजका युगका यी चार महत्वपूर्ण आदर्श हुन् । नयाँ विश्वको निर्माण पनि यिनै चार सिद्धान्तहरूको आधारमा गर्नुछ । जैन धर्मले यी चार आदर्शहरूमा सबैभन्दा धेरै बल दिएको छ । यदि संसार जैन धर्मको सिद्धान्त अनुसार अगाडि बढ्छ भने शान्ति स्वर्गको अवतरण हुन सक्छ । यदि बुद्धिवादी युवकहरूले जैन धर्मको सिद्धान्तहरूको गहिरो अध्ययन र अनुशीलन गरेमा उनीहरूको जीवनमा नयाँ प्रकाश प्राप्त हुन सक्दछ । तथा विश्वको आध्यात्मिक र नैतिक अपेक्षाहरूको पूर्तिमा उनीहरू महान् योगदान दिन सक्दछन् ।

- मणिभद्र मुनि

(संस्थापक-मानव मिलन)

- नमन उपाध्याय

## जैन धर्मको मौलिक देन

जैन धर्मको मान्यता रहेको छ कि यो जैन मान्यता अनादिकालबाट चलि आएको हो । समण संस्कृतिले श्रमको महत्व दिन्छ । जैन धर्ममा भनिएको छ- जित्नेहरूलाई जैन भनिन्छ । जैन धर्म जित्नेहरूको भनियो । जित्ने के लाई त ? आफू भित्र रहेको काम, क्रोध, लोभ, मोह अहंकार, इर्ष्या, द्वेष आदि शत्रुहरूलाई जित्ने ।

मानव समाज क्रोधले प्रभाव पर्ने कुरामा विश्वास राख्छ । लडाई, झगडामा चासो लिन्छ । लडाई झगडाले उसलाई तान्छ । किनकी उसमा उसलाई आनन्द हुन्छ । गर्व हुन्छ । तर हार्नेलाई विजोग लाग्छ । तब एउटाको गर्व अर्काको विजोगलाई कसरी राम्रो मान्न सकिन्छ । एउटाको पराजय अर्काको विजयलाई कसरी राम्रो मान्न सकिन्छ । सबैको जयमा सबैको जय हुन्छ भन्ने धारणा लिएर जैन सिद्दान्तबाट अघि बढ्यो ।

जैन धर्मका मुख्य सिद्धान्तहरू अहिंसा, अपरिग्रह, अनेकान्त रहेका छन् । तिनको स्वरूपमा केही भन्नु उपयुक्त हुनेछ । ऋषि, मुनि र चिन्तकहरूबाट मात्रै अहिंसाको पालना भएर समाजमा द्वन्द्वको समाधान हुन सक्दैन यसलाई समाजमा व्याप्त गर्नु पर्ने हुन्छ । जैन धर्मको अहिंसा धेरै गहिरोमा गएको छ । वाह्य अहिंसा एउटा पक्ष छ भने आभ्यान्तर अहिंसाको दोस्रो पक्ष छ । अनेकान्तवाद "अनन्त धर्मात्मक वस्तु" भनेर प्रत्येक वस्तुका अनेक स्तर रहेका हुन्छन् भन्ने कुरा गरियो । वस्तुतः मानवको चिन्तन विकसित हुँदै जाने हो । व्यवहारमा जादै जांदा उसको चिन्तन परिष्कृत भएर जान्छ । चिन्तकहरू सत्यलाई अनेक रूपले प्रस्तुत गर्दछन् । वस्तुको वस्तुस्थिति नै अनेकात्मक हुन्छ, तब तत्वज्ञ, सर्वज्ञ त्यसलाई त्यसै रूपमा व्यक्त गर्दछन् ।



ऋग्वेदमा पनि भनिएको छ "एकं सद् व्रिपा वहुधा वदन्ति" । आधुनिक युगमा आएर आइन्स्टीनले सापेक्षवादको कुरा गरे । वस्तुहरूमा सापेक्ष दृष्टि नमान्ने भए विज्ञानको यति सारो विकास हुने नै थिएन । यसरी सत्यसम्म, वस्तुको जरोसम्म पुग्नलाई सजिलो गराई दियो अनेकान्त दृष्टिले । यो जैन धर्मको समाजका लागि मौलिक देन हो । यसबाट मानवको चिन्तनमा, अभिव्यक्तिमा ठूलो विकास गराएको कुरा सर्वमान्य छ । सबै विशिष्ट व्यक्तिहरूले, विद्वानहरूले यसलाई स्वीकार गरेका छन् ।

### समता र जैन धर्म

जैन धर्ममा सामायिकको ठूलो महत्व रहेको छ । धार्मिक दृष्टिकोणबाट सामाजिक- समता भावको महत्व ठूलो बताइएको छ । यसमा सावद्य योग, पाप व्यापारको त्यागको संकल्प गरिन्छ । विचारमा साम्यता, व्यवहारमा सभ्यताबाट मात्रै अनेकान्तको भाव आविर्भाव हुन्छ । यसबाट आफ्नो दृष्टिकोण जत्तिकै अरूको दृष्टिकोणको पनि आदर गर्ने प्रवृत्ति विकास भएर जान्छ । यो जैन धर्मको चिन्तनले पुरा समाजलाई प्रभावित पाऱ्यो । आज यो चिन्तनको यतिसारो विस्तार भयो कि मानिस यस दृष्टिबाट टाढा रहने कुरा गर्न सक्दैन । विचारहरूको आदर गर्ने प्रवृत्तिबाट समाजमा समता फैलिन गयो । धार्मिक व्यक्तिको समता समाजमा पनि व्याप्त भयो । आज राष्ट्र, र विश्वमा पनि यसको स्थापनाका लागि चिन्तकहरू लागी परेको स्थिति छ ।

### तनाव मुक्त जीवन

प्रत्येक व्यक्ति सुख चाहन्छ, दुःख कोही पनि चाहदैन । फेरि पनि प्रायः मानिस यस्ता कामहरू गर्ने गर्दछ जसबाट सुखको सट्टा दुःख नै बढी आइ लाग्ने हुन्छ । हामी दुखहरूका माँझमा रहँदारहदै, यसलाई सहँदासहदै यति आदी भइसकेका हुन्छौं प्रायः हामी दुःखलाई नै सुख मानेर बसेका हुन्छौं । केही मान्छे अनजानमा सुखको धोखामा दुःखको